बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय

# सहरी विकास तथा भवन कार्यालय

पत्र संख्या: ०८२।८३
च.नं.

काठमाण्डौ

मिति:२०८३/०१/१४

## सूचना। सूचना!! सूचना !!!

### उपभोक्ता समिति मार्फत हुने योजनाको सम्झौता तथा कार्यान्वयन सम्वन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत स्थानीय तहहरूमा विनियोजित बजेट अनुसार कार्यान्वयन हुन बाँकी रहेका योजनाहरूको कार्यान्वयनको लागि उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन तथा सम्झौता गर्ने कार्य वैशाख मसान्त सम्म मात्र सम्भव रहेको जानकारी गराइन्छ। तसर्थ, हालसम्म कार्यान्वयन हुन बाँकी रहेका योजनाहरूका हकमा आवश्यक समन्वय तथा सहजीकरण गरी तोकिएको समयसीमा भित्रै उपभोक्ता समिति गठन तथा सम्झौता सम्पन्न गराई कार्यान्वयन प्रक्रिया अगाडि वढाउन हुन अनुरोध छ। निर्धारित समयसीमा भित्र सम्झौता सम्पन्न नभएमा योजनाको कार्यान्वयनमा प्रतिकूल असर पर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

अतः समयसीमाको पूर्ण पालना गरी आवश्यक सहजीकरण तथा समन्वय गर्न/गराउन हुन हार्दिक अनुरोध छ।

सुवोध अधिकारी
कार्यालय प्रमुख
कार्यालय प्रमुख

फोन नं : ०१-५१८७४०६ इमेल: mopld3udboktm75@gmail.com

CamScanner

इमेलः mopid3udboktm75@gmail.com

वागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# सहरी विकास तथा भवन कार्यालय

## आ.व. २०८३/०८४ को बार्षिक आयोजना प्रस्ताव सम्वन्धि सार्वजनिक सुचना ।

प्रकाशित मितिः २०८३/०१/१४

वागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडावाट स्वीकृत "बजेट तर्जुमाका लागि बार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्वन्धि सम्वन्धि निर्देशिका, २०८३" बमोजिम आगामी आ.व. २०८३/०८४ को वजेट तथा कार्यकममा प्रस्ताव गरिने आयोजना छनौटको लागि यस सहरी विकास तथा भवन कार्यालय, काठमाडौं अन्तर्गत "आवास, भवन र सहरी विकास" सम्वन्धि आयोजनाहरु प्रस्ताव सोहि निर्देशिकाको अनुसूची-३ (प्रदेशस्तरीय आयोजना प्रस्ताव फारम) को ढाँचामा मिति २०८३ साल वैशाख २१ गते सम्म सम्वन्धित वार्ड कार्यलय, स्थानीय तह वा सम्वन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्यज्युरुको सिफारिस संलग्न राखी यस कार्यालयमा प्रास हुने गरी आयोजनाहरुको प्रस्ताव पेश गर्नहुन सम्वन्धित सवैको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ।

कार्यालय प्रमुख

२०८३/१/१४
कार्यालय प्रमुख

CamScanner

अनुसूची -३

(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)

प्रदेशस्तरीय आयोजना प्रस्ताव फारामको ढाँचा

मिति:-

श्री कार्यालय प्रमुखज्यू,

..................कार्यालय/निर्देशनालय/मन्त्रालय,

..........,जिल्ला।

विषय:- प्रदेशस्तरीय आयोजना प्रस्ताव गरिएको बारेमा।

१. प्रस्तावित आयोजनाको नाम:-....................

२. आयोजना स्थल:- जिल्ला:- ..... प्रदेश निर्वाचन क्षेत्र- .............

गाउँपालिका/नगरपालिका:- वडा नं. ................ टोल :.....................

(क) ..............................

(ख) ..............................

(आयोजनाको अनुमानित लम्बाई (सडक वा अन्य आवश्यक पर्नेमा)- ......... कि.मि.,

शुरु स्थान:- ........... अन्तिम स्थान:- ..... )

३. आयोजना प्रकृति:- (नयाँ/क्रमागत/मर्मतसम्भार/पुनःनिर्माण/सुदृढीकरण/स्तरोन्नति)

४. योजनाको किसिम:- (कृषि/पर्यटन पूर्वाधार/शिक्षा/स्वास्थ्य/खेलकुद/सडक/खानेपानी/सिँचाई........)

५. सम्भाव्यता अध्ययन/ विस्तृत अध्ययन/ वातावरणीय अध्ययन

(क) भएको:....................

(ख) नभएको:.............

(ग) आवश्यक नपर्ने............

६. आयोजनाबाट लाभान्वित हुने अनुमानित:- घरधुरी संख्या.... जनसङ्ख्या- ... जग्गा/क्षेत्रफल:-

७. आयोजना माग गर्नुपर्ने कारण:-

(क)......................................

(ख)......................................

८. आयोजनालाई आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गा) को विवरण:-.......................

९. निर्माण गर्नुपर्ने संरचनाहरूको विवरण:-

(क)..............................

(ख)..........................

१०. आयोजना निर्माण भएपछि हुनसक्ने लाभ:-..............................

११. विवाद भए/नभएको:-...............................

१२. अनुमानित लागत (पूर्वानुमान गर्न सकिनेमा) ............................

१३. अन्य:..........................

माग गर्ने सरोकारवाला/स्थानीय तह/प्रदेश सभा सदस्यको नाम, ठेगाना:-

छाप/दस्तखत:-

माननीय प्रभात तामाङ

मन्त्री